# बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल

## खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७९/०९/२२)**

यस अस्पतालमा रिक्त रहेका देहाय बमोजिमका पदहरु खुला तथा समावेशी प्रतियोगिताद्वारा स्थायी रुपमा पदपूर्ति गर्न लोक सेवा आयोगबाट मिति २०७९/०९/१९ को पत्रबाट सहमति प्राप्त भएअनुसार देहायको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना गोरखापत्रमा प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र र दोब्बर दस्तुर तिरी म्याद सकिएको थप ७ (सात) दिन भित्र दरखास्त फाराम पेश गर्नुहुन दरखास्त आव्हान गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | सेवा, समूह, उपसमूह, तह | किसिम | माग पद संख्या |
|---|---|---|---|---|---|
| १. | १८।२०७९।८० | कन्सल्टेण्ट | प्राविधिक (स्वास्थ्य), मेडिकल (चिकित्सक), एघारौं | खुला | १ |
| २. | १९।२०७९।८० | जुनियर कन्सल्टेण्ट | प्राविधिक (स्वास्थ्य), मेडिकल (चिकित्सक), दशौं | खुला | १ |
| ३. | २०।२०७९।८० | | | महिला | १ |
| ४. | २१।२०७९।८० | रजिष्ट्रार | प्राविधिक (स्वास्थ्य), मेडिकल (चिकित्सक), मेडिकल अंकोलोजी (जनरल मेडिसिन) नवौं | खुला | १ |
| ५. | २२।२०७९।८० | | | आ.ज. | १ |
| ६. | २३।२०७९।८० | रजिष्ट्रार | प्राविधिक (स्वास्थ्य), मेडिकल (चिकित्सक), मेडिकल अंकोलोजी (हेमाटोलोजी), नवौं | खुला | १ |
| ७. | २४।२०७९।८० | | | आ.ज. | १ |
| ८. | २५।२०७९।८० | रजिष्ट्रार | प्राविधिक (स्वास्थ्य), मेडिकल (चिकित्सक), रेडियो डाग्नोसिस एण्ड ईमेजिङ्ग, नवौं | मधेशी | १ |
| ९. | २६।२०७९।८० | | | दलित | १ |
| १०. | २७।२०७९।८० | रजिष्ट्रार | प्राविधिक (स्वास्थ्य), मेडिकल (चिकित्सक), न्यूक्लियर मेडिसिन, नवौं | खुला | १ |
| ११. | २८।२०७९।८० | | | महिला | १ |
| १२. | २९।२०७९।८० | रजिष्ट्रार | प्राविधिक (स्वास्थ्य), मेडिकल (चिकित्सक), एनेस्थेसियोलोजी, नवौं | आ.ज. | १ |
| १३. | ३०।२०७९।८० | रजिष्ट्रार | प्राविधिक (स्वास्थ्य), मेडिकल (चिकित्सक), सर्जिकल अंकोलोजी (ब्रेस्ट सर्जरी), नवौं | खुला | १ |
| १४. | ३१।२०७९।८० | रजिष्ट्रार | प्राविधिक (स्वास्थ्य), मेडिकल (चिकित्सक), सर्जिकल अंकोलोजी (थोरासिक सर्जरी), नवौं | खुला | १ |
| १५. | ३२।२०७९।८० | | | महिला | १ |
| १६. | ३३।२०७९।८० | रजिष्ट्रार | प्राविधिक (स्वास्थ्य), मेडिकल (चिकित्सक), प्याथोलोजी, नवौं | खुला | २ |
| १७. | ३४।२०७९।८० | | | दलित | १ |
| १८. | ३५।२०७९।८० | रजिष्ट्रार | प्राविधिक (स्वास्थ्य), मेडिकल (चिकित्सक), रेडियसन अंकोलोजी, नवौं | खुला | १ |
| १९. | ३६।२०७९।८० | रजिष्ट्रार | प्राविधिक (स्वास्थ्य), मेडिकल (चिकित्सक), सर्जिकल अंकोलोजी (न्यूरो सर्जरी), नवौं | खुला | १ |
| २०. | ३७।२०७९।८० | मेडिकल फिजिसिष्ट | प्राविधिक (स्वास्थ्य), मेडिकल (एलाइड हेल्थ), मेडिकल फिजिक्स, सातौं | खुला | १ |
| २१. | ३८।२०७९।८० | सिष्टर | प्राविधिक (स्वास्थ्य), नर्सिङ, क्लिनिकल/कम्यूनिटी, सातौं | खुला | १ |
| २२. | ३९।२०७९।८० | | | महिला | १ |
| २३. | ४०।२०७९।८० | | | आ.ज. | १ |
| २४. | ४१।२०७९।८० | इन्जिनियर | प्राविधिक (अन्य), हस्पीटल इन्जिनियरिङ, सिभिल, सातौं | खुला | १ |
| २५. | ४२।२०७९।८० | अधिकृत (प्रशासन) | प्रशासन, व्यवस्थापन, प्रशासन (प्रशासनिक),सातौं | आ.ज. | १ |
| २६. | ४३।२०७९।८० | टेक्निसियन | प्राविधिक (स्वास्थ्य), मेडिकल (एलाइड हेल्थ), रेडियोथेरापी टेक्नोलोजी, पाँचौं | खुला | २ |
| २७. | ४४।२०७९।८० | | | आ.ज. | १ |
| २८. | ४५।२०७९।८० | टेक्निसियन | प्राविधिक (स्वास्थ्य), मेडिकल (एलाइड हेल्थ), एनेस्थेसिया/ओ.टी. टेक्नोलोजी, पाँचौं | खुला | २ |
| २९. | ४६।२०७९।८० | | | आ.ज. | १ |
| ३०. | ४७।२०७९।८० | | | मधेशी | १ |
| ३१. | ४८।२०७९।८० | स्टाफ नर्स | प्राविधिक (स्वास्थ्य), नर्सिङ, क्लिनिकल/कम्यूनिटी, पाँचौं | खुला | ११ |
| ३२. | ४९।२०७९।८० | | | महिला | ३ |
| ३३. | ५०।२०७९।८० | | | आ.ज. | २ |
| ३४. | ५१।२०७९।८० | | | मधेशी | २ |
| ३५. | ५२।२०७९।८० | | | दलित | १ |
| ३६. | ५३।२०७९।८० | | | अपांग | १ |

आवश्यक शैक्षिक योग्यता र अनुभव:

१. कन्सल्टेण्ट, एघारौं तहः मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा स्नातकोत्तर वा सो सरह उपाधि हासिल गरी क्यान्सर सम्बन्धी विषयमा कम्तीमा एक बर्षको औपचारिक तालिम (फेलोसिप) प्राप्त गरेको र सम्बन्धीत विषयमा आठ बर्षको अनुभव तथा प्रथम लेखक भई कम्तीमा दुई वटा ISSN भएको ओरिजिनल आर्टिकल (Original Article) प्रकाशन गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धति विषयमा PHD वा DM वा MCH वा MBMS Sub Speciality वा सो सरह उपाधि हासिल गरी सम्बन्धीत बिषयमा चार बर्षको अनुभव तथा प्रथम लेखक भई कम्तीमा चारवटा ISSN भएको ओरिजिनल आर्टिकल (Original Article) प्रकाशन गरेको ।

२. जुनियर कन्सल्टेण्ट, दशौं तहः मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा स्नातकोत्तर वा सो सरह उपाधि हासिल गरी क्यान्सर सम्बन्धी विषयमा कम्तीमा एक बर्षको औपचारिक तालिम (फेलोसिप) प्राप्त गरेको र सम्बन्धीत विषयमा तीन बर्षको अनुभव तथा प्रथम लेखक भई कम्तीमा एउटा ISSN भएको ओरिजिनल आर्टिकल (Original Article) प्रकाशन गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धति विषयमा PHD वा DM वा MCH वा MBMS Sub Speciality वा सो सरह उपाधि हासिल गरी सम्बन्धीत बिषयमा दुई बर्षको अनुभव तथा प्रथम लेखक भई कम्तीमा दुईवटा ISSN भएको ओरिजिनल आर्टिकल (Original Article) प्रकाशन गरेको ।

३. रजिष्ट्रार, नवौं तहः मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरह उपाधि हासिल गरी सम्वन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल ।

४. मेडिकल फिजिसिष्ट, सातौं तहः मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल फिजिक्स विषयमा स्नातकोत्तर उपाधी प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजिक्स विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र मेडिकल फिजिक्स विषयमा दुई वर्षको डिप्लो उपाधि प्राप्त/सम्बन्धित विषय क्षेत्र (मेडिकल फिजिक्स) मा कम्तीमा छ महिनाको तालिम प्राप्त ।

५. सिष्टर, सातौं तहः मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा स्नातक उपाधी प्राप्त ।

६. इन्जिनियर, सातौं तहः मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक वा सो सरह उपाधि प्राप्त ।

७. अधिकृत (प्रशासन), सातौं तहः मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धीत बिषयमा स्नातक तह उत्तीर्ण ।

८. टेक्निसियन, पाँचौं तहः मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा प्रमाणपत्र तह उत्तीर्ण । (रेडियोथेरापी टेक्नोलोजीका लागि न्यूनतम शैक्षिक योग्यता सम्बन्धित विषय भन्नाले रेडियोथेरापी र रेडियोडाग्नोसिस सम्बन्धित संयुक्त कोर्षलाई पनि जनाउनेछ )

९. स्टाफ नर्स, पाँचौं तहः मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रमाणपत्र तह उत्तीर्ण ।

नोट:

१. दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान : दरखास्त फाराम बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनको वेबसाइट WWW.bpkmch.org.np बाट डाउनलोड गरी A4 साईजको फोटोकपी पेपरमा प्रिन्ट/फोटोकपि गर्न सकिनेछ । दरखास्त फारामहरु बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनको कार्यालयमा बुझाउनु पर्नेछ । सबै पदहरुको पाठ्यक्रम वेबसाइटमा राखिनेछ ।

२. दरखास्त बुझाउने समय : बिहान ९.०० बजे देखि ४.३० बजे सम्म र शुक्रवार २:०० बजे सम्म ।

३. परीक्षा दस्तुर:-पाँचौं तहको लागि रु.४००।-, सातौं तहको लागि रु.१,०००।-, नवौं र दशौं तहको लागि रु.१२,००।-, एघारौं तहको लागि रु. १५,००।- लाग्नेछ । एक उम्मेदवारले एकै पदको खुला तथा समावेशी समुहमा सहभागी हुने भएमा प्रत्येक समुहको लागि २० प्रतिशत परीक्षा दस्तुर थप लाग्नेछ । दरखास्तका साथ कृषि विकास बैंक लिमिटेडको बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनको नाममा रहेको खाता नं. ०५०८६०११७३४७२०१२ मा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नुपर्नेछ ।

४. दरखास्तको लागि योग्यता:

(क) सहायक तहको पदमा अठार वर्ष उमेर पूरा भई ३५ बर्ष ननाघेको । (ख) अधिकृत तहको पदमा एक्काइस वर्ष उमेर पूरा भई ३५ बर्ष ननाघेको (ग) प्राविधिक सेवा तर्फ पैंतालीस बर्ष उमेर ननाघेको (घ) महिलाको हकमा चालीस बर्ष उमेर ननाघेको (ङ) प्राविधिक पदको उम्मेदवारका हकमा प्रचलित कानून बमोजिम स्थापना भएको स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषद्मा नामदर्ता भएको र नामदर्ता नवीकरण भएको । तर प्रचलित कानून बमोजिम स्थापना भएको स्वास्थ्य सम्बन्धी कुनै व्यावसायिक परिषद्मा नाम दर्ता हुने व्यवस्था नै नभएको तहको पदमा नियुक्ति हुनको लागि यस खण्डले बाधा पुर्‍याएको मानिने छैन । (च) भविष्यमा सरकारी वा नेपाल सरकारको स्वामित्व भएको संस्थाको सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको (छ) नेपाली नागरिक (ज) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर नभएको ।

५. परीक्षाको किसिमः लिखित र अन्तर्वार्ता ।

६. लिखित परीक्षा लोक सेवा आयोगबाट संचालन हुनेछ ।

७. निम्नलिखित कागजातहरुका प्रतिलिपिमा उम्मेदवार स्वयंले प्रमाणित गरी दरखास्त साथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ:-

(क) हालसालै खिचिएको पासपोर्ट साईजको ३ प्रति फोटो ।
(ख) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
(ग) शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपि, (न्युनतम शैक्षिक योग्यताको मात्र), चारित्रिक प्रमाणपत्र वा उमेर खुलेको प्रमाणपत्रको प्रतिलिपि ।
(घ) विदेशी शिक्षण संस्थाबाट प्रमाणपत्र पाएका उम्मेदवारहरुको हकमा समकक्षताको प्रतिलिपि ।
(ङ) प्राविधिक (स्वास्थ्य) सेवा अन्तर्गतका पदका लागि सम्बन्धित व्यवसायिक परिषद्मा दर्ता भएको प्रमाणपत्र ।
(च) अनुभवको हकमा सरकारी वा सरकारी स्वामित्वमा रहेको संस्थाहरुको अनुभव मात्र मान्य हुनेछ ।

८. तलब र सुविधाः बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनको नियमानुसार ।

९. परीक्षणकालको अवधि : १ वर्ष तर महिलाको हकमा ६ महिना मात्र ।

१०. दरखास्त दिने अन्तिम मितिमा सार्वजनिक विदा पर्न गएमा सार्वजनिक विदा पछिको कार्यालय खुलेको दिन दरखास्त दिने अन्तिम मिति मानिने छ ।

११. उल्लेखित पदहरुको लिखित परीक्षा लोक सेवा आयोगबाट तोकिएको स्थानमा हुनेछ ।

१२. लिखित परीक्षा सम्वन्धी कार्यक्रम पछि प्रकाशित गरिनेछ ।

१३. विज्ञापन रद्द भएको अवस्थामा वाहेक परीक्षा दस्तुर फिर्ता हुने छैन ।

१४. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम, अनुभव तथा नोकरी अवधिको प्रयोजनका लागि गणना गरिने छैन ।

१५. तोकिएका प्रक्रियाहरु पूरा नभएका दरखास्त फाराम जुनसुकै बेला पनि रद्द हुनेछ । यसरी रद्द हुन गएका दरखास्तहरुको परीक्षा दस्तुर फिर्ता गर्न अस्पताल बाध्य हुनेछैन ।

१६. समावेशी तर्फका उम्मेदवारहरुले पेश गर्नुपर्ने थप कागजातहरु:

(क) आदिवासी/जनजातिका हकमा: नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सुचिकृत भएको जातिको हकमा सोही सुचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सुचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्वन्धित स्थानिय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सुचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गरिदिएको प्रमाणपत्रको प्रतिलिपि ।

(ख) मधेसीको हकमा: नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशित गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सुचना प्रकाशन गरी नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गरिदिएको प्रमाणपत्रको प्रतिलिपि ।

(ग) दलितका हकमा: राष्ट्रिय दलित आयोगबाट सुचिकृत भएको जातिको हकमा सोही सुचिको आधारमा, तर नेपाल राष्ट्रिय दलित आयोगबाट सुचिकृत भएको जातिभित्र एक भन्दा वढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सुचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गरिदिएको प्रमाणपत्रको प्रतिलिपि ।

(घ) पिछडिएको क्षेत्रको हकमा: अछाम, कालीकोट, जाजरकोट, जुम्ला, डोल्पा, वझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउंपालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी बढीमा महिनाभित्र सम्बन्धित स्थानीय तहबाट जारी भएको सिफारिस पत्रको प्रतिलिपि ।

१६. एउटा पदको लागि खुला र समावेशी तर्फका विभिन्न समुहमा समेत आवेदन गर्दा एउटै दरखास्त फाराम भर्नु पर्नेछ । तर दरखास्त फारामको पहिलो पृष्ठ र प्रवेशपत्रमा खुला र समावेशी समुह मध्ये जुन–जुन समुहको परीक्षामा समावेश हुने हो सो अनुसार तोकिए वमोजिम चिन्ह लगाउनु पर्नेछ ।

१७. दरखास्तसाथ पेश भएका सम्पूर्ण प्रमाणपत्र तथा कागजातका प्रतिलिपिहरु सम्बन्धित उम्मेदवारले स्वयं प्रमाणित गरी पेश गर्नुपर्नेछ।

१८. सूचनामा उल्लेख नभएका अन्य कुराहरु बी.पी. कोइराला मेमोरियल अस्पताल कर्मचारी प्रशासन नियमावली, २०६६ (तेस्रो संशोधन, २०७९) तथा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुने छन् ।

**बी.पी.को.मे. क्या. अस्पताल, भरतपुर, चितवन**